तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या १६/०७७/०७८ (१०८) मिति २०७८/०३/०५ गते

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावहरुः

१. आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेश गर्ने सम्बन्धमा ।

२. "तिलोत्तमा नगरपालिकाको आर्थिक विधेयक, २०७८" सम्बन्धमा ।

३. "तिलोत्तमा नगरपालिकाको विनियोजन विधेयक, २०७८" सम्बन्धमा ।

४. निर्णयहरु अनुमोदन सम्बन्धमा ।

५. विविध ।

क) प्रादेशिक वसपार्कको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) सम्बन्धी TOR स्वीकृत सम्बन्धमा ।

ख) योजनाको म्याद थप सम्बन्धमा ।

ग) शोक प्रस्ताव सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं.-१

- बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं उप-प्रमुख श्री जगेश्वरदेवी चौधरीज्यूबाट कार्यपालिकामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रमका सम्बन्धमा गहन छलफल गरी प्राप्त सुझाव सहित स्वीकृतीका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

- नगर उप-प्रमुख श्री जगेश्वर देवी चौधरीज्यूबाट आर्थिक वर्ष २०७८/०७९ को लागि प्रस्तुत "तिलोत्तमा नगरपालिकाको आर्थिक विधेयक, २०७८" लाई स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

- नगर उप-प्रमुख श्री जगेश्वर देवी चौधरीज्यूबाट आर्थिक वर्ष २०७८/०७९ को लागि प्रस्तुत "तिलोत्तमा नगरपालिकाको विनियोजन विधेयक, २०७८" लाई स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश

निर्णय नं.-४

- आर्थिक वर्ष २०७७/११/२५ गते देखि हाल सम्म नगर कार्यपालिका, सचिवालय, नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायतका अधिकार प्राप्त अधिकारीबाट गरिएका सम्पूर्ण निर्णयहरु सम्बन्धमा जानकारी लिई उक्त निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-५ विविध (क)

- संघ, प्रदेश र स्थानीय तहको पारस्परिक समन्वय र सहकार्यमा यस तिलोत्तमा नगरपालिका वडा नं.-१४ (१२ ६) मा निर्माण प्रस्तावित भएको प्रादेशिक बसपार्क निर्माण स्थलको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) सम्बन्धी TOR पेश भएकोमा सो प्रस्ताव स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं.-५ विविध (ख)

- आ.व..२०७७/०७८ मा नगरपालिकाबाट संचालनमा रहेका योजनाहरु कोभिड-१९ का कारण प्रभावित भई तोकिएको समयमा सम्पन्न गर्न नसकिएकोले असार २० गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.-५ विविध (ग)

- तिलोत्तमा नगरपालिका वडा नं.-२ निवासी एवम् यस नगरपालिकामा कार्यरत शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, उपसचिव श्री गंगाराम आचार्य र श्री माया आचार्यको छोरा श्री गोविन्द आचार्यको २९ वर्षको अल्पायुमा भएको असामयिक निधनले तिलोत्तमा नगरपालिका स्तब्ध भएको छ । यस दुःखद घडीमा स्वर्गिय गोविन्द आचार्य प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै नगर कार्यपालिका बैठक शोक प्रस्ताव पारित गर्दछ ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख